Vol. 6, No 1, 2023 (September) 92-106
**Medha, A Multidisciplinary Peer Reviewed Research Journal**
Publisher: Mahendra Morang Adarsha Multiple Campus, Biratnagar, Nepal

# पिँजराको सुगा कवितामा ध्वनि

अनिल अधिकारी (मुख्यलेखक)
**उपप्राध्यापक**
नेपाली तथा पत्रकारिता विषय शिक्षण समिति
महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर
aniladhikaribhojpur@gmail. com

केशवप्रसाद अधिकारी (सहलेखक)
**नेपाली शिक्षक**
आदर्श माध्यमिक विद्यालय, विराटनगर
adhikarikashev024@gmail. com

**लेखसार**

प्रस्तुत लेख 'पिँजराको सुगा' कवितामा ध्वनिमूलसमस्यामा केन्द्रित छ। यस शोधसमस्याको समाधानका लागि पाठविश्लेषण केन्द्री गुणात्मक अनुसन्धान विधि तथा विश्लेषणको सैद्धान्तिक पर्याधार र विश्लेषणविधिका लागि संस्कृत काव्यचिन्तनअन्तर्गतको ध्वनिसिद्धान्तलाई उपयोग भएको छ। संस्कृत काव्यचिन्तनमा साहित्यको विश्लेषण गर्ने ध्वनिवादी सिद्धान्तका आफ्नै पाठविश्लेषणका प्रतिमान रहेका छन्। ध्वनिवादीहरूको मतमा साहित्यका अन्य तत्त्वसँगको सम्बन्धका आधारमा वस्तुध्वनि, अलङ्कारध्वनि र रसध्वनि तथा शब्दार्थ सम्बन्धका आधारमा अविवक्षित वाच्यध्वनि र विवक्षितान्यपरवाच्यध्वनिका आधारमा कृतिको मूल्याङ्कन गर्ने विषय हुन्। शब्द र अर्थले दिने साङ्केतिक अर्थभन्दा पृथक् प्रतीयमान वा अप्रस्तुत अर्थका रूपमा अविवक्षित वाच्यध्वनि र विवक्षितान्यपरवाच्यध्वनिको प्रभावकारी संयोजन भएको कविताका रूपमा पिँजराको सुगा कविता ध्वनिवादका कोणबाट अध्ययनीय सामग्री हो। यस कवितामा अविवक्षित वाच्यध्वनि राणाकालीन एकात्मक व्यवस्थाभित्र सिङ्गो मानव समाज दासवत् र चेतनाविहीन रहेको विषयलाई बालक सुगाको पिँजरायात्रा र उक्त यात्राका कठिनाइलाई मानवजीवनको यथार्थसँग सामञ्जस्य र सामान्यीकरण गरी मानवमुक्तिको चाहना प्रतिध्वनित गर्ने सन्दर्भमा प्रस्तुत भएको छ। विवक्षितान्यपरवाच्यध्वनि जीवनको नश्वरताबोधसम्बन्धी ज्ञानको प्रसारण शरीर र आत्मा तथा आत्मा र परमात्माबीचको सम्बन्धमा आत्मा परमात्माबीचकै सम्बन्ध मोक्षको कारक रहेको तथा आत्मतत्त्वले शरीरबाट छुटकारा पाउनु नै मोक्षको मार्ग रहेको व्यङ्ग्यार्थरूपमा अभिव्यञ्जित भएको छ। ध्वनिपरक मूल्याङ्कनका दृष्टिले यस कवितामा वस्तुध्वनिका रूपमा नेपाली समाजको बन्धनकारी पर्यावरण, अलङ्कारध्वनिका रूपमा विषय र विषयीलाई एकाकार गरी प्रस्तुत गरिएको समासोक्तिप्रधान कथन तथा रसध्वनिका रूपमा विषय, विषयी र विभावादिको मानसिक पीडाका अन्तर्यमा करुणरस प्रतिपाद्य रहेको विषयमा विमर्श भएको छ।

*शब्दकुञ्जी :* आध्यात्मिकता, प्रतीयमान अर्थ, नश्वर, लक्ष्यार्थ, वाच्यार्थ, व्यङ्ग्यार्थ

**Article Information**

Manuscript received: May 21, 2023; Accepted: July 2, 2023

**विषयप्रवेश**

संस्कृत काव्यचिन्तनमा साहित्यिक कृतिको विश्लेषण र मूल्याङ्कन गर्ने सिद्धान्त मध्ये ध्वनिवाद सिद्धान्त रहेको छ । ध्वनिलाई कृतिको मूल्यनिर्णयात्मक र अन्य तत्त्वको अन्तर्सम्बन्धका आधारमा गुणस्तरमापन गर्ने विषयको स्थान प्राप्त छ। नवौं शताब्दीका आनन्दवर्धनले स्थापना गरेको यस सिद्धान्तअन्तर्गत साहित्यका अन्य तत्त्वसँगको सम्बन्ध र शब्दार्थ सम्बन्धजस्ता दुई सिद्धान्त स्वीकृत छन्। साहित्यका अन्य तत्त्वसँगको सम्बन्धका आधारमा वस्तुध्वनि, अलङ्कार ध्वनि र रसध्वनि तथा शब्दार्थ सम्बन्धका आधारमा अविवक्षित वाच्यध्वनि (लक्षणामूलक) र विवक्षितान्यपरवाच्यध्वनि (अभिधामूलक)का आधारमा साहित्यलाई विश्लेषण गर्ने परम्परा स्वीकृत छ। यस लेखमा लेखनाथ पौड्यालको "पिँजराको सुगा" कवितालाई आधार सामग्रीका रूपमा लिई साहित्यका अन्य तत्त्वसँगको सम्बन्धका आधारमा ध्वनिको अध्ययन नगरी शब्दार्थसम्बन्धका आधारमा निरूपित अविवक्षित वाच्यध्वनि र विवक्षितान्यपरवाच्यध्वनि भेदका साथै काव्यका अन्ततत्त्वसँगगको सम्बन्धका आधारमा वस्तु, अलङ्कार र रसध्वनिका आधारमा मूल्याङ्कन भएको छ। कवि लेखनाथ पौड्याल (१९४१–२०२२) का लालित्य भाग-१ (१९७९), लालित्य भाग -२ (२०२२), कविशिरोमणि लेखनाथ पौड्यालका प्रतिनिधि कविता (२०४१) र लेखनाथका प्रमुख कविता (२०४६) कवितासङ्ग्रह प्रकाशित छन् । प्रस्तुत कविता माध्यमिककालीन शृङ्गारिक भावधारा उत्कर्षतर्फ अभिमुख हुँदैगरेको समय १९७३ सालमा रचना गरिएको हो। यस कविताको रचनासन्दर्भगत अवस्था नियाल्दा यसमा नेपाली सामाजिक, सांस्कृतिक, राजनीतिक तथा विश्व परिवेशको सूक्ष्म र व्यञ्जनात्मक प्रस्तुति भएको छ। नेपाली सामाजिक/राजनीतिक सन्दर्भलाई हेर्दा प्रधानमन्त्री चन्द्रशमशेरको राजनीतिक शासन कालको मध्य समयमा यस कविताको सृजना भएको हो। प्रस्तुत कविता प्रथमतः नेपाली शैक्षिक सन्दर्भका आधारमा नियाल्दा चन्द्रशमशेरको भाइभारदार, आफन्त र आफू निकटका व्यक्तिका परिवारलाई शिक्षा दिने नीतिअनुरूप निर्माण गरिएका पाठ्यक्रममा समावेश गर्ने प्रयोजनका लागि लेखिएको हो। कविता रचनाको विश्वपरिवेश र अन्तर्राष्ट्रिय सन्दर्भलाई नियाल्दा १९१६ अर्थात् प्रथम विश्वयुद्ध (१९१४-१९१८)को मध्य समयमा भएका मानवताविरोधी युद्धका कारण सृजित विभीषिकामा बन्धक बनेको विश्वसमुदाय र मानवताको ह्रासका कारण मानव मानसिकतामा सिर्जना भएको निराशा र मान्छे स्वघोषित रूपमा बन्धक बनेको परिस्थितिको मध्याह्न समय प्रतिबिम्बन छ। एउटै कविताभित्र वाच्यार्थदेखि व्याङ्ग्यार्थसम्म बोध हुने काव्यिक सामर्थ्य रहनु यस कविताको भावगत प्राप्ति हो भने यो कृति ध्वनिपरक अध्ययनका कोणबाट अध्ययनीय सामग्री हो।

साहित्यको सौन्दर्यशास्त्रीय परम्परामा ध्वनिका आधारमा साहित्यिक पाठको मूल्याङ्कन गर्ने परम्पराको थालनी र अध्ययन गर्ने सौन्दर्यशास्त्रको प्रयोगमा संस्कृत काव्यसिद्धान्तको देन छ। संस्कृत काव्यचिन्तनमा ध्वनिवादी सिद्धान्तको प्रवर्तन आनन्दवर्धनले गरेका हुन्। आनन्दवर्धनपछिका काव्यचिन्तकहरूले साहित्यमा ध्वनिको महत्तालाई स्वीकार गरी यसको औचित्य र प्रयोगलाई निरन्तरता दिएका छन् भने संस्कृत साहित्यको युगपछि हिन्दी र नेपाली समालोचना परम्परामा पनि यसले स्थापित गरेका प्रतिमानका आधारमा कृतिविश्लेषण गर्ने परम्पराले निरन्तरता पाएको छ। विशेषतः हिन्दी र नेपाली समालोचनाका क्षेत्रमा संस्कृत काव्यचिन्तनसापेक्ष कृतिविश्लेषण गर्ने सन्दर्भमा ध्वनिवादी सिद्धान्तले निर्धारण गरेका प्रतिमानका आधारमा समीक्षा गर्ने सन्दर्भमा यस सिद्धान्तको उपयोग भएको पाइन्छ। संस्कृत काव्यचिन्तनले स्थापना गरेका प्रतिमानका आधारमा नेपाली सैद्धान्तिक समालोचना पनि क्रियाशील रहेको छ भने "पिँजराको सुगा" कविता

यसका आधारमा अध्ययनीय शोधक्षेत्र हो । यस लेखमा उपर्युक्त कवितालाई शोधक्षेत्र र प्राथमिक सामग्री चयन गरी यसको शब्दार्थसम्बन्ध र साहित्यसिद्धान्तका अन्य मान्यतासँगको सम्बन्धका आधारमा विश्लेषण र मूल्याङ्कन भएको छ। कविताको ध्वनिसिद्धान्तका आधारमा विश्लेषण गर्ने आधार, अवधारणा र ढाँचाका विषयमा पूरक सामग्री रहने यो लेख संस्कृत काव्यसिद्धान्तका आधारमा कृतिको विश्लेषण गर्ने आधारसम्बद्ध रहेकाले यसको प्राज्ञिक उपादेयताको पुष्टि हुन्छ ।

**समस्याकथन**

आधुनिक नेपाली कविताको प्रवर्तन, उन्नयन र विकासका लागि विशेष योगदान दिएका लेखनाथ पौड्याल परिष्कारवादी भावधाराका माध्यमबाट समाजलाई नीतिशिक्षा र समाज सुधारका सन्देश प्रस्तुत गर्ने स्रष्टा हुन् । साहित्यको कविता र नाटक क्षेत्रमा योगदान पुऱ्याएका पौड्यालका कृतिका विषयमा पाठ्यक्रमको परिपूर्तिको प्रयोजनका साथै प्राज्ञिक अनुसन्धान र स्वतन्त्र समालोचना भएका छन् । उनको कवित्व, कृतित्व, प्रवृत्ति, प्राप्ति, मूल्याङ्कन र विवेचना गर्ने सन्दर्भमा यिनका अधिकतर सृजनाको विवेचना भए पनि पूर्वीय काव्यचिन्तनका निश्चित तत्त्वलाई केन्द्रविन्दुमा राखी कृतिको विश्लेषण कम मात्रामा भएका छन्। यस लेखमा पौड्यालको “पिँजराको सुगा” कवितालाई आधार सामग्रीका रूपमा लिई यस कवितामा अभिव्यञ्जित ध्वनि मूलविषयलाई अनुसन्धेय समस्याका रूपमा लिई निम्नलिखित शोध्यप्रश्नको प्राज्ञिक उत्तरसहित अर्थापन भएको छ।

क. कवितामा अविवक्षित वाच्यध्वनि/लक्षणामूला ध्वनि के-कस्तो छ ?

ख. कवितामा विवक्षितान्यपरवाच्यध्वनि/अभिधामूला ध्वनि कसरी छ ?

ग. कवितामा वस्तु, अलङ्कार र रसध्वनि प्रस्तुतिको प्रयोजन के हो छ ?

प्रस्तुत लेखमा प्रथमतः अविवक्षित वाच्यध्वनि अथवा लक्षणामूलक ध्वनिको विवेचना भएको छ। विवक्षितवाच्यध्वनि अर्थात् अभिधामूलक ध्वनिको विश्लेषण गरी “पिँजराको सुगा” कवितामा ध्वनिसम्बन्धी समस्याको समाधान गरिने यस लेखमा वस्तु, अलङ्कार र रसध्वनिका आधारमा मूल्याङ्कनसमेत गरी अर्थापन गर्ने उद्देश्य रहेको छ। संस्कृत काव्यचिन्तनमा ध्वनिसम्बन्धी सिद्धान्तअन्तर्गत अविवक्षित वाच्यध्वनि र विवक्षितान्य परवाच्यध्वनिका आधारमा विवेचना र विश्लेषण तथा वस्तु, अलङ्कार र रसध्वनिका आधारमा मूल्याङ्कन गरी अर्थापन गरिने यस लेखमा तद्विषयक सिद्धान्त र विश्लेषणका मानकका अतिरिक्त अन्य विषय यसको सीमाङ्कन हो ।

**शोधविधि**

प्रस्तुत लेखको शोधविधि निम्नलिखितअनुसार निर्धारण भएको छ :

**शोधक्षेत्र, सामग्री सङ्कलन र विश्लेषणविधि**

गुणात्मक अनुसन्धानविधि र पाठविश्लेषणकेन्द्री यस लेखको शोधक्षेत्र आधुनिक नेपाली कविताअन्तर्गत लेखनाथ पौड्यालको “पिँजराको सुगा” कविता मात्र हो । प्रस्तुत लेखका लागि प्राथमिक र द्वितीयक स्रोतका सामग्री उपयोग भएको छ। प्राथमिक स्रोतअन्तर्गत “पिँजराको सुगा” कविता तथा द्वितीयक स्रोतअन्तर्गत ध्वनिसम्बद्ध सैद्धान्तिक र प्रायोगिक पक्षको विवेचना भएका सामग्रीको उपयोग भएको छ । कविताको रचनासन्दर्भगत विषयलाई संश्लेषण गर्दै यसका अनुच्छेदलाई विषयगत आधारमा वर्गीकरण गरी चयन भएका उद्धरणलाई विश्लेषण र अर्थापन गर्नका लागि आवश्यकताअनुसार वर्णनात्मक र विश्लेषणात्मकविधि प्रयोग भएको छ। सामग्री विश्लेषणका लागि संस्कृत काव्यचिन्तनअन्तर्गतको ध्वनिसिद्धान्त र त्यसका प्रतिमानको उपयोग भएको छ।

**सैद्धान्तिक आधार**

तत्सम शब्दका रूपमा नेपालीमा प्रचलनमा रहेको ध्वनि शब्दले सामान्यार्थमा श्रवणेन्द्रियबाट ग्रहण गरिने आवाजलाई बुझाए पनि पारिभाषिक रूपमा यो सृजनामा अवशिष्ट विशिष्ट अर्थ हो । आनन्दवर्धनप्रदत्त ध्वनिसिद्धान्त संस्कृत काव्यचिन्तनमा साध्यवत् छ भने साहित्यका अन्य तत्त्वको समन्वयमा कृतिको मूल्यनिर्धारणका लागि अहम् भूमिका

खेल्दछ। ध्वनिको अभिप्राय नाद, सङ्गीत र त्यसबाट प्राप्त हुने आनन्दानुभूति हो। साहित्यमा अलङ्कार, गुण, वृत्तिद्योतक शब्द, अर्थ र शब्दार्थको संयोजनले जुन आनन्दको आभास वा अन्तहृदयमा प्रतिध्वनिको सिर्जना गर्दछ त्यही उत्तमकाव्यमा अभिव्यक्त ध्वनि हो (आनन्दवर्धन, १९८३, पृ. १९६)। ध्वनिवादका प्रवर्तक र समर्थकहरू यसलाई ध्वनि शब्द, व्यञ्जक शब्द, व्यञ्जक अर्थ, व्यञ्जना व्यापार तथा व्यङ्ग्यकाव्यका रूपमा प्रस्तुत गर्दछन्। काव्यमा जहाँ शब्दले आफ्नो अर्थको वा अर्थले आफ्नो अर्थलाई छोडेर प्रतीयमान अर्थलाई अभिव्यक्त गर्ने पक्ष ध्वनि हो (वर्मा र अन्य, सन् २०१०, पृ. ३०२)। ध्वनिको अभिलक्षण भन्नु नै शब्द र अर्थमा अवशिष्ट अर्थभन्दा पर अप्रस्तुत अर्थ प्रतिध्वनित हुने व्यङ्ग्यार्थ हो। विशेषतः काव्यमा वाच्यार्थ र लक्ष्यार्थले अर्थबोध गर्न नसक्ने स्थितिमा व्यङ्ग्यार्थद्वारा अर्थको बोध हुने परिस्थिति निर्माण हुने हुँदा व्यङ्ग्यार्थ नै ध्वनिको प्रमुख विषय बन्न पुग्दछ (हीरा, सन् २००३, पृ. ३२४)। अभिधार्थका तुलनामा व्यञ्जना र प्रतीयमान अर्थ अपेक्षित रहने कविताका सम्बन्धमा स्थापित काव्यशास्त्रीय सन्दर्भमा पनि ध्वनिको प्रयोग व्यङ्ग्यार्थका लागि गरिन्छ। सृजनात्मक प्रस्तुतिका क्रममा शब्द वा अर्थ स्वयम् साधन भएर साध्यविशेषका रूपमा अभिव्यञ्जित भई विशेष प्रकारको चमत्कारिक अर्थलाई अभिव्यक्त गर्छ भने त्यो ध्वनिसम्बद्ध विषय हो। ध्वनि सिद्धान्तका प्रवर्तकले यसलाई शब्दार्थसम्बन्ध तथा अन्यतत्त्वसँगको सम्बन्धका आधारमा प्रमुख दुई भेदमा वर्गीकरण गरेका छन्। शब्दार्थसम्बन्धका आधारमा अविवक्षित वाच्यध्वनि र विवक्षितान्यपरवाच्यध्वनि तथा साहित्यका अन्य तत्त्वसँगको सम्बन्धका आधारमा वस्तु, अलङ्कार र रसध्वनिका साथै यी प्रत्येकका सूक्ष्म उपभेदका आधारमा काव्य/साहित्यको विश्लेषण र मूल्याङ्कन गर्ने आधार प्रस्तुत गरेका छन्। काव्यको विश्लेषण र मूल्याङ्कन गर्ने ध्वनिवादी सिद्धान्तका आधारमा पिँजराको सुगा" कविताको विश्लेषण क्रमशः तलका उपशीर्षमा भएको छ।

## सामग्री विश्लेषण र नतिजा

प्रस्तुत पिँजराको सुगा कविता पौड्यालले जीवनको उत्तरयुवावस्थामा संरचित व्यञ्जनाधर्मी कविता रहेको छ। चार पङ्क्तिको एकश्लोक हुने मात्रिक पज्झटिका छन्दका २३ श्लोकमा संरचित यस कवितामा जीवनले स्वतन्त्रता प्राप्तिको चाहना राखे पनि प्राप्त नहुँदाको पीडालाई बालक सुगाका अभिव्यक्त भावमा आरोपित गरी अभिधार्थको प्रभावकारी संयोजन भएको छ। तत्कालीन सामाजिक/राजनीतिक अवस्थाको चित्रण भएको यस कवितामा सामन्तवादी समाज व्यवस्थामा एकाङ्गी बनेको सहरी सभ्यता तथा जीविकोपार्जनसँगै आफ्नो वैभवका लागि दरबारिया बनेका व्यक्तिको चेतना नै शासकलाई समर्पण गर्नुपर्ने अवस्थाबोधक वैभवभन्दा मानवीय स्वतन्त्रता ठूलो रहेको मानसिक पीडामिश्रित लक्ष्यार्थमूलक भावाभिव्यञ्जना प्रस्तुत भएको छ। अन्तर्राष्ट्रिय सन्दर्भमा विश्वयुद्धका कारण सृजित भयग्रस्त मानसिकताले समग्र मानवजाति बन्धनमा परेको विषयको प्रस्तुति छ। व्यञ्जनासम्म विस्तारित भावसम्प्रेषण भएको यस कवितामा लक्ष्यार्थका तहमा तत्कालीन सामाजिक/सांस्कृतिक रूपमा देखिएको विभेद र मान्छेलाई बन्धक बनाउने सामाजिक व्यवस्थाको भर्त्सना हो। कविताले व्यञ्जनाका तहमा भौतिक नश्वरताबाट पार्थक्य लिई आध्यात्मिक मुक्तिका लागि प्रयत्नरत अफ भनौं देहलोकबाट मुक्ति लिई परलोक गमनको चाहना अभिव्यञ्जित भएको छ। यस अध्ययनमा कवितामा अभिव्यञ्जित अन्य पक्षको विवेचना नगरी यसमा अवशिष्ट भावप्रधानतालाई आधार मानी शब्दार्थ सम्बन्धका आधारमा ध्वनिको विश्लेषण गर्दै कविताको ध्वनिपरक मूल्याङ्कन निम्नलिखित उपशीर्षकमा भएको छ।

### कवितामा अविवक्षित वाच्यध्वनि/लक्षणामूला ध्वनि

संस्कृत काव्यचिन्तनमा साहित्यको अनुसन्धान र समालोचनाका लागि शब्दार्थ सम्बन्धका आधारमा दुई प्रकारका ध्वनि निर्धारण गरिएका छन्। यी दुईका उपभेदका बारेमा तिनको सैद्धान्तिक प्रारूपसहित वर्गीकरण गरे पनि अविवक्षित वाच्यध्वनि/लक्षणमूला र विवक्षितान्यपरवाच्यध्वनि/अभिधामूला दुई भेदलाई मुख्य मानी तिनका आधारमा पाठको विश्लेषण गर्ने प्रतिमान स्वीकृत छन्। अविवक्षित

वाच्यध्वनि/लक्षणमूला ध्वनि लक्षणामा आधारित छ। “वाच्य अर्थ विवक्षित वा अभिप्रेरित नभई लक्ष्य अर्थपछि आउने व्यङ्ग्य अर्थ नै अविवक्षित वाच्यध्वनि हो” (उपाध्याय, २०६७, पृ. २००)। यसमा वाच्यार्थ या त अर्को अर्थमा सङ्क्रमण हुन्छ या त पूर्णतया तिरस्कृत हुन्छ। दुबै स्थितिमा मुख्यार्थ बाधित हुन्छ या अर्को अर्थ दिन्छ। यसमा वाच्यार्थ बाधित भएर लक्ष्यार्थ प्रतीति गराएर व्यङ्ग्यार्थको बोध हुन्छ। वाच्यार्थको पूर्ण तिरस्कार एवम् लक्षणामा आधारित हुने भएकाले यसलाई लक्षणामूलक भनिएको हो। लक्षणामूलक ध्वनिका अर्थान्तरसंक्रमित-वाच्य ध्वनि र अत्यन्ततिरस्कृत-वाच्य ध्वनि गरी दुई भेद रहेका छन्। अर्थान्तरसंक्रमित-वाच्य ध्वनिमा वाच्यार्थमा बाधित या व्यवधान उत्पन्न भई त्यो अन्य अर्थमा परिवर्तन हुन्छ भने अत्यन्ततिरस्कृत-वाच्य ध्वनिमा वाच्यार्थको तिरस्कार वा त्याग हुन्छ। प्रस्तुत कविताका सबै पङ्क्ति र पङ्क्तिपुञ्जमा सामन्तवादी सहरी परिवेश र त्यसमा पनि राणाशासकको सामु बसेर आफ्नो अन्तःचेतनामा रहेको ज्ञान र ज्ञानबाट प्राप्त चेतनालाई परिहार गर्नुपर्दाको पीडा कव्यिक अभिव्यक्तिका माध्यमबाट प्रकट भएका छन्। शहरी सभ्यता उन्मुख सामाजिक परिवेशमा गाउँबाट विद्याआर्जन तथा रोजगारीका लागि सहर पसेको मानिसले जीवनसङ्घर्षका क्रममा भोगेका तिक्तता सहरी समाजमा रहेको व्यक्तिवादी जीवनचर्या, विद्याबाट प्राप्त चेतना, दरबारको नोकरीजस्ता जीवनीपरक सन्दर्भको वास्तविकता कवितामा सङ्क्षिप्त तर विशिष्ट कला चेतका साथ प्रस्तुत भएको छ। यस कवितामा प्रतिध्वनित भएको अविवक्षित वाच्यध्वनिको विवेचना निम्नलिखित पङ्क्तिगुच्छमा अभिव्यञ्जित भएका छन्।

बालक बबुरो द्विज सुकनामा
हूँ म परेको छू पिँजरामा
मकन हरे शिव शान्ति र चैन
सपना बीच पनि रतिभर छैन। (पौड्याल, २०७६ : ११७, श्लोक १)

यस श्लोकमा एउटा बालक सुगा अर्थात् सुगाको बच्चालाई पिँजरामा राखेको तथा उक्त पिँजरामा परेको सुगाले आफूमा अमन चैन र सुखका क्षण समाप्त भएको वाच्यार्थ बोध हुने लक्ष्यार्थ र व्यङ्ग्यार्थसमेतको गहन प्रक्षेपण छ। यस पङ्क्तिगुच्छमा अविवक्षित वाच्यध्वनिका रूपमा राणकालीन समाज र दरबार निकट मान्छेको मानसिक पीडाबोध प्रस्तुत भएको छ। यसमा स्वतन्त्र मान्छेको जीवनीगत सन्दर्भमा अवशिष्ट यथार्थभित्र खुल्ला परिवेशबाट दरबारिया बन्द परिवेश, कानुन तथा त्यहाँको मर्यादामा रहनुपर्दा अनुभव हुने असहजस्थिति प्रस्तुत भएको छ। यसका अतिरिक्त खुल्ला परिवेशमा स्वच्छन्द बाँचेको मान्छेले कडा अनुशासनमा बस्नु र बाँच्नुपर्दा अनुभव गर्ने निस्सासिँदो परिस्थितिमा गरिने अनुभूति अविवक्षित वाच्यध्वनिका रूपमा मुखरित भएको छ।

सामन्तवादी सहरी सभ्यताका कारण आफ्ना सोच र कार्यशैली विकलाङ्ग भई आफ्ना बारेमा मात्र सोच्ने, आफूलाई मात्र केन्द्रमा राखी आफूभन्दा पर सोच्न नसक्ने नितान्त वैयक्तिक जीवनशैली निर्माण भएको र यसको कारकका रूपमा आफू र आफू बसेको परिवेश रहेको पक्षलाई पृष्ठपोषण गरेको छ। दरबारिया सुखभोगमा पनि अमन प्राप्त गर्न नसकेको र आफ्ना लागि उक्त सुख बोझका रूपमा रहेको तथ्यको उद्घाटन भएको छ। मानव समाजमा मान्छेले मान्छेको स्वतन्त्रता अपहरण गरी समग्र समाजलाई बन्धक तुल्याएको सामाजिक संरचनामा स्वतन्त्रता र मान्छेलाई बन्धक बनाउने मानवीय प्रवृत्तिको द्वन्द्वात्मक विषयको सन्तुलित संयोजन भई अविवक्षित वाच्यध्वनिलाई निम्नालिखित पङ्क्तिले व्याख्या गरेको छ।

आँशु बगाई कहिले रुन्छु
कहिले मूर्दातुल्य म हुन्छु
कहिले पागलसरि उफ्रन्छु
केवल वनका सुख सम्झन्छु। (श्लोक, ३)

यस श्लोकमा प्रकृतिक स्वतन्त्रता उपभोग गरिरहेको मान्छेका लागि कृत्रिम स्वतन्त्रता र सम्मानले कुनै महत्त्व नराख्ने तथा मानवीय स्वतन्त्रताको उपयोग गर्नबाट वञ्चित मानव समुदायको सचेत सदस्यको हैसियतमा कवि मानसिकतामा जन्मिएको

निराशाको अभिव्यञ्जना प्रस्तुत भएको छ। स्वतन्त्रता र आफूले पाएको ज्ञानको सही स्थानमा प्रयोग नहुनु र आफ्नो क्षमतालाई पनि अर्काको इसारा र आकाङ्क्षा अनुरूप गर्नुपर्ने बाध्यतायुक्त सामाजिक संरचनाको सूत्रात्मक विवेचना यस पङ्क्तिगुच्छका माध्यमबाट अभिव्यक्त भएका छन्। यस पङ्क्तिगुच्छमा सरकारका निकटस्थ रहेका सम्पन्नशाली व्यक्ति पनि आफ्नो वैयक्तिक र वाक्स्वतन्त्रता गुमाउनु पर्दा पीडाबोध गर्ने लक्षियत अर्थको प्रस्तुति भएको छ। मान्छे जतिसुकै सम्पन्न र शक्तिशाली भए पनि बिना स्वतन्त्रता र शक्तिको कुनै महत्त्व नरहने विचारको प्रतिध्वनिसँगै दरबारका चौरासी व्यञ्जनभन्दा झुपडीको सादगीयुक्त आहार सुख र जीवनका लागि उत्तम रहने दृष्टिकोण लक्ष्यार्थका रूपमा प्रस्तुत भएको छ।

धन र सम्मानको भोक लिएर आफ्नो स्वतन्त्रता, ज्ञान र विद्वत्तालाई बन्धक तुल्याउन अग्रसर मान्छेको मानसिक पीडाका साथै एउटा ज्ञानवान, स्वतन्त्र र स्वच्छन्द मान्छेका लागि सीमित र चौघेरोमा व्यष्ठित वातावरण कष्टप्रद र बन्धनयुक्त रहेको लक्ष्यार्थ प्रस्तुत भएको छ। कविको अन्तश्चेतनामा रहेको ज्ञान, स्वतन्त्रताप्रतिको दृष्टिकोण र समाजको यथार्थबीचको त्रिपक्षीय द्वन्द्वात्मकतामध्ये मान्छेका लागि सर्वोपयुक्त अवस्था बन्धनमुक्त स्थिति अर्थात् स्वतन्त्रता नै रहेको दृष्टान्त अविवक्षित वाच्यध्वनिका रूपमा मुखरित भएको छ। मानव स्वतन्त्रताको महिमागान गर्ने सन्दर्भमा दरिद्रता र दैन्यस्थिति विलासिताको बन्धनयुक्त सम्पन्नताका तुलनामा प्रिय र शक्तिशाली रहने स्वतन्त्रतापक्षीय अभिव्यक्ति कविताका प्रायः सबै पङ्क्तिगुच्छको सारका रूपमा आए पनि कविताको छैठौं श्लोकमा यस विषयको प्रस्तुति थप सशक्ततापूर्वक भएको छ।

शितल पानी कुञ्ज निवास
भोजन मीठा फलका खास
त्यो सब हुन गो आज विनाश
बाँकि छ एकै मनको त्रास। (श्लोक, ६)

यस श्लोकमा सहरको आलिसान सुख र दरबारिया वैभवका सामु प्रकृतिको काखमा रहेको शान्त गाउँ र त्यहाँको कठिनाई नै प्राकृत मान्छेका लागि सर्वोपयुक्त स्थान रहने ध्वनि मुखरित भएको छ। सम्पन्नता र कृत्रिम सम्मान मान्छेलाई क्षणिक आनन्द दिने विषय भए पनि मान्छेले दीर्घकालीन अमन प्राप्तिका लागि स्वतन्त्रता निर्विकल्प रहेको यथार्थ उद्बोधन भएको छ। आफैंले बन्धनयुक्त ऐश्वर्य प्राप्त गरिरहँदा आफ्ना आफन्तले अनुभव गरेको अभावयुक्त स्वतन्त्रता कयौं गुणा बढी आनन्ददायी रहेको अभिव्यक्त गर्ने कविताले राणाकालीन सत्ता र तिनले समाज नियन्त्रणका लागि तयार गरेको विधानका कारण आफू र आफूजस्ता कैयौं व्यक्तिको जीवन पशुवत् जड र यान्त्रिक बनेको पक्षलाई पृष्ठपोषण गरेको छ।

प्राकृत जीवनशैलीलाई अङ्गीकार गर्न अभ्यस्त रहेको मान्छेका मानसिकतामा एकैपटक सहरको कृत्रिम र यान्त्रिक वातारणको सामना गर्नु पर्दा आउने हीनताबोध तथा मान्छेका लागि बन्धनका तुलनामा स्वतन्त्रता नै प्रिय रहने भावाभिव्यञ्जनाका माध्यमबाट आफू बन्धनमा परिसकेको तथा यो बन्धन आफ्नालागि कष्टकर रहेको दृष्टान्त प्रस्तुत भएको छ। परिवारका जेठाछोरा रहेका कविले आफ्नो जीवनवृत्ति र शिक्षाका लागि गृहत्याग गर्दा बाबुआमाको मानसिकतामा पीडा भएको वाच्यार्थभित्र आफ्नो व्यक्तिगत अमन र स्वार्थका लागि आफू कर्तव्यविमुख र कर्तव्यच्यूत भएको अविवक्षित वाच्यध्वनि मुखर भएको छ। कविताका नवौं पङ्क्तिगुच्छमा राज्यसंयन्त्रका सामु अज्ञानी र जड भएर बस्नुपर्दा एउटा सचेत मान्छेको मानसिकता कस्तो हुन्छ भन्ने अवस्था प्रस्तुत भएको छ।

वरिपरि वैरीहरू छन् सारा
छैन कतैतिर कोहि साहारा
के गरूँ? कसरी उम्की-जाउँ
कोसित मनको दर्द बिसाऊँ ? (श्लोक, ९)

यस श्लोकमा दरबारमा प्रवेश गरिसकेपछि बाहिर निस्कन नसक्ने राणाहरूको स्वनिर्मित कानुनका कारण मान्छे बन्धक बन्ने तथा उक्त परिवेशबाट निस्कन चाहनेको अवस्था मृत्यु वा मृत्युवत् लाञ्छना लगाइने दृष्टान्तका माध्यमबाट तत्कालीन समाजमा मान्छेलाई बन्धक बनाइने स्थितिको वास्तविकता प्रतिध्वनित भएको छ। एउटा स्वतन्त्र मान्छे स्वच्छन्द भएर जहाँसुकै

र जुनसुकै स्थानमा जानसक्ने स्थितिका विपरीत दरबार पसेको मान्छे दरबारको चौघेराभन्दा बाहिर जान नसक्ने स्थिति निर्माण भएको तथा यस स्थितिको कारक आफैं भई आज पीडित र विचलित रहेको लक्ष्यार्थले अविवच्छित वाच्यध्वनिलाई पुष्टि गरेको छ।

पिँजरा फोरूँ भनिकन चुच्चो
बलसँग धसदा भो सब बुच्चो
बेसरि कुँजिए पक्ष र पाउ
कसरी अब हा !! काल बिताऊँ। (श्लोक, ११)

यस श्लोकका अघिल्ला दुई पङ्क्तिमा दरबारबाट विच्छेद हुन खोज्दा आर्थिक अभाव झेल्नु परेको, दरबारियाको कोपभाजन र निगरानीमा परेको, आफ्नो जीवनका विषयमा आफ्नै अन्तरङ्ग विमर्शमा अभावग्रस्त भए पनि मानव स्वतन्त्रता बन्धक जीवनभन्दा कयौं गुण सुखी रहने तथा आफ्नो सम्पन्नताप्रतिको आकर्षणले आफूले पाएकोभन्दा ज्यादा गुमाएको विषयबोधलाई पुष्टि गरेको छ। मान्छेलाई बन्धक बनाई आफ्ना क्रियाकलापलाई वैधानिक सिद्ध गर्न लालायित सरकारी संयन्त्रको दमनकारी गतिविधिको विरोध गर्ने सम्भावना नरहेको अनुभव गरेका कविले मौन विद्रोह गरे पनि आर्थिक अभावका कारण बाध्यतावस् तिनकै सामु आत्मसमर्पण गर्नुपर्दाको पीडाबोध यी पङ्क्तिका माध्यमबाट मुखरित हुनपुगेका छन्। जीवनको स्वतन्त्रतासँगै पारिवारिक जीवनबाट टाढा रहँदा अर्धाङ्गिणीको देहवसान हुँदा श्रीमतीको अन्तिम यात्रामा दरबारिया कानुनका कारण जान नसकेको अवस्थामा कविको आत्मपीडा काव्यिक रूपमा प्रस्तुत भएको छ।

कविताका बाह्रौं-चौधौं पङ्क्तिगुच्छमा राणाहरू खुसी भए पुरस्कार र उनीहरूको चित्त बुझाउन नसके अथवा तिनलाई गलत लागे दण्डको भागीदार बन्नु पर्ने कठोर कानुनी विधानमा बस्नु परेको असहज स्थितिलाई एकातिर बोध गराएको छ भने अर्कातिर राणाकाल चाकरी र चाप्लुसीमा विश्वास गर्ने राणाहरूको शासकीय प्रवृत्तिले बोल्दा, व्यवहार गर्दा अथवा उनीहरूको मानसिकता र सोचका आधारमा आफू अनुकुल भई दिनुपर्ने बाध्यताको काव्यिक प्रस्तुति भएको छ। आफ्नो वैयक्तिक स्वतन्त्रता परिहार गरी अर्काको आधीन भएर रहँदा मान्छेका मानसिकतामा आउने छट्पटी, रोदन, विक्षेप र पीडाका माध्यमबाट राणाकालीन समाज र तत्समयका नागरिकहरूको अवस्था लक्ष्यार्थका रूपमा आई अविवक्षित वाच्यध्वनि मुखरित भएको छ। सम्पन्नता आर्जन गर्ने प्रयोजनका लागि अर्कामा निर्भर रहँदा गुमेको व्यक्तिगत स्वतन्त्रताका परिपूर्ति कतैबाट पनि हुननसक्ने अवस्था सृजना भएको स्वीकार गरेको कवि मानसिकताले काल नआई प्राण नजाने सन्दर्भका माध्यमबाट तत्कालीन समयमा राणाशासनको समापन हुने अवस्था नरहेको, राणाहरू थप शक्तिशाली बन्दै गएकाले आफ्नो स्वतन्त्र हुने तथा स्वच्छन्द जीवन बाँच्ने अवस्था नरहेको आत्मस्वीकृति निम्नलिखित पङ्क्तिहरूमा लाक्षणिक अर्थमा अभिव्यञ्जित भएको छ।

खानु छ खालि तौली धान
त्यो पनि आधा पेट छ जान
हेर्दछु भाँडो पानी छैन
भोगिरहेछू यस्तै चैन। (श्लोक, १५)

यस श्लोकमा तौली धानको सन्दर्भले श्लेषका माध्यमबाट लक्ष्यार्थ प्रस्तुत गरेको छ। जसमा पहिलो अर्थ, अर्काको कजाईंमा परेको व्यक्तिले अर्काको खटनमा बाँच्नु पर्ने बाध्यता, अर्काले अड्कलेर दिएको खाएर जीविकोपार्जन गर्नुपर्ने अवस्था र राणाशासकको आधीन रहेर बाँच्नुपर्ने अवस्थाजस्ता विषय अर्थबोध गरेको छ भने दोस्रो अर्थ जुन परिवेशमा जीवन निर्वाह गरे पनि वर्तमान जीवन तौली धान (पहाडका बेंसी क्षेत्रमा लगाइने बर्खे धान जुन उपेक्षित प्रजातिको र सम्पन्न समुदायले शवयात्रामा छर्नका लागि मात्र उपयोग गर्ने तथा कामदार, खेताला र माग्नेलाई दान दिन प्रयोग गरिने धान) अर्थात् सामन्तको उपेक्षालाई स्वीकार गरी जीवन निर्वाह गर्ने अर्थमा आरोपित भई अविवक्षित वाच्यध्वनि प्रस्तुत भएको छ।

यस श्लोकमा शासकका सामु निरिह भएर बाँच्नु पर्दाको आत्मपीडा प्रस्तुत भएको छ। स्वयम् दरबारिया पण्डित बनेर दरबारको सुखभोग गरेका कविले त्यहाँ बस्नुपर्दा सामना गर्नुपर्ने कडा अनुशासनको प्रक्रियामा दरबारियाहरूको मानसिकताअनुसार आफूलाई रूपान्तरण गरी कृत्रिम जीवन बाँच्नु र व्यहोर्नु

पर्ने अवस्था निम्नलिखित पङ्क्तिमा प्रस्तुत भएको छ ।

यौटा भन्दछ यो हो पाजी
अर्को भन्दछ यो छ विराजी
भन्दछ तेस्रो आत्माराम
पढो पढो जी राखो नाम । (श्लोक, १७)

कविको काव्ययात्राको पूर्वार्द्ध र अध्ययनका लागि रानीपोखरी संस्कृत पाठशालामा भएका गतिविधिको सार प्रस्तुत भएको छ। आफ्नो काव्य साधनाका पूर्वार्द्धमा कविले जुन प्रकारको आलोचना र समर्थन प्राप्त गरे त्यसको वास्तविकताको प्रस्तुतिसँगै आफू दरबार पसेपछि शासकको श्रेणीअनुसार कसैको प्रिय र कसैको अप्रिय रही जीवन निर्वाह गर्नुपर्दाको पीडाबोध यस उद्धरणमा भएको छ। सामन्तवादी सहरी सभ्यतामा रहेको मान्छेको एकाङ्गी जीवनवृत्तमा मान्छेमा पारिस्परिक सम्बन्ध हराएको र त्यसले मान्छेबीच दूरी कायम गरेकाले मान्छे मान्छेकै समाजमा रहेर पनि एक्लिएको जीवन सन्दर्भ लक्ष्यार्थका रूपमा अभिव्यञ्जित भएको छ। अत्यधिक काम र कामको ज्यालाबापत प्राप्त हुने आम्दानीबाट जीवन गुजारा गर्न नसकिएको परिवेश निर्माण हुँदै गएको तथा त्यसमा पनि जीवन अर्काको नियन्त्रणमा रहेको मान्छेले आफ्नो चेतना र जीवनदर्शनका आधारभूत मान्यताका विपर्ययमा अर्काका लागि मरिमेटेर ज्ञान र विवेक खर्चनु पर्ने अवस्था वर्णनमा अविवक्षित वाच्यध्वनि मुखरित भएको छ ।

दैव ! दिएथ्यौ तिमीले एक
बोलन सक्ने शक्ति-विवेक
पाइरहेछु त्यसकैद्वारा
बन्धन गाली धम्की सारा । (श्लोक, २०)

निरङ्कुश शासक र तिनको शासनमा मान्छेको अभिव्यक्ति स्वतन्त्रतामाथि लगाइएको प्रतिबन्ध तथा त्यसका अन्तर्यमा शासकको भजन गाएर जीवननिर्वाह गर्नुपर्ने परिस्थितिभित्र राणाहरूका आपराधिक र अवाञ्छित गतिविधिलाई पनि मूकदर्शक भएर हेर्नुपर्ने लक्ष्यार्थ यस पङ्क्तिगुच्छमा मुखरित भएको छ। जीजिविषाका साथै आफूलाई सम्पन्नशाली तुल्याउनका लागि दरबारको निकटमा रहनुपर्ने तथा तिनको अगाडि आफूलाई सत्पात्र र भक्त साबित गर्नसके आफ्ना सबै मनोवाञ्छित कामना पूरा हुने शुभचिन्तकको आशय र विचार बुझी दरबार पस्दा आफूले भोगेको नियति नितान्त भिन्न र दरबारिया संस्कृति आफ्नो विचार, चेतना र सामर्थ्यभन्दा पनि चाकडीकै मात्र सम्मान हुने स्थितिप्रतिको व्यङ्ग्य लक्ष्यार्थका रूपमा नि( म्नलिखित पङ्क्तिमा अभिव्यञ्जित भएको छ ।

गुणको वैरी मानुष जाति
शुष्क गराई गुणिको छाती
प्राणपखेरू नलिएसम्म
खुस किन हुन्थ्यो, हाय ! अचम्म । (श्लोक, २२)

यस श्लोकमा सामन्तवादी सहरी सभ्यतामा मान्छेमान्छेबीचको सम्बन्ध परिपूरक नभई एकअर्काबाट अलग भएको वर्तमान अवस्थाको प्रस्तुतिका माध्यमबाट लक्ष्यार्थ प्रस्तुत भएको छ । जीवनलाई सम्पूर्ण र सम्पन्न तुल्याउने एषणाले सामन्त कहाँ दासवत् जीवन निर्वाह गर्नुपर्दा भोगेको पीडाबाट मर्माहत भएको कवि स्वयम्को जीवनी र त्यसले दिएको दीक्षाका रूपमा सम्पन्नताको विकल्पमा गरिबीलाई स्वीकार गर्नु तर मान्छेका सबै स्वतन्त्रतालाई दमन गरी आफ्नो स्वार्थपूर्तिका लागि जेसुकै गर्न तयार रहेका तथा स्वार्थ र सत्ताका लागि सचेत मान्छेको चेतनामाथि धावा बोल्ने र प्रतिबन्ध लगाउने शासकवृत्तिको सामु नपर्नु भन्ने लेखकीय सन्देश अविवक्षित वाच्यध्वनिका रूपमा अभिव्यञ्जित भएको छ ।

**विवक्षितान्यपरवाच्यध्वनि/अभिधामूलक**

विवक्षितान्यपरवाच्यध्वनि/अभिधामूल अभिधामा आधारित ध्वनि हो । वाच्यअर्थले सन्दर्भमा कुनै पनि बाधा नपुऱ्याई अन्याँर्थलाई विवक्षित भएर व्यङ्ग्यार्थको प्रतीति हुने ध्वनि नै अभिधामूलक अर्थात् अर्थ विवक्षित हुने विवक्षितान्यपरवाच्यध्वनि हो (मिश्र, २०५५, पृ. ३३५) । यस ध्वनिका दुई भेद रहेका छन् जसमा पहिलो वाच्यार्थले अन्य अर्थद्योतन गरे पनि आफ्नो अर्थ छोड्दैन र दोस्रो व्यङ्ग्यार्थको बोध नभइकन वाच्यार्थको बोध हुँदैन । यस विशेषताका आधारमा वाच्यार्थको बोध भइसकेपछि मात्र व्यङ्ग्यार्थको बोध हुने स्थिति वा विशेषता विवक्षितान्यपरवाच्यध्वनिको रहेको

छ। अभिधामूलक ध्वनि पनि असंलक्ष्यक्रमव्यङ्ग्य ध्वनि र संलक्ष्यक्रमव्यङ्ग्य ध्वनि गरी दुई प्रकारका रहेका छन्। असंलक्ष्यक्रमव्यङ्ग्य ध्वनिमा वाच्यार्थ एवम् व्यङ्ग्यार्थको पूर्वापर क्रम सङ्लक्षित हुँदैन वा देखिँदैन। त्यसै गरी संलक्ष्यक्रमव्यङ्ग्य ध्वनिमा वाच्यार्थ एवम् व्यङ्ग्यार्थको पूर्वापर क्रम राम्रोसँग देखिने हुन्छन्। यसप्रकार ध्वनिले वाच्यार्थभन्दा पृथक् प्रतीयमान अर्थका रूपमा आउने लक्ष्यार्थ र व्यङ्ग्यार्थमा आधारित साहित्य सिद्धान्तलाई बुझाउँछ। प्रस्तुत "पिँजराको सुगा" कविता द्विअर्थी व्यङ्ग्यार्थ सिद्धि भएको व्यञ्जनाप्रधान कृतिका रूपमा व्याख्येय छ। कवितामा आएका पङ्क्तिगुच्छमा सामाजिक स्वतन्त्रताको विषय र नश्वर शरीरबाट मुक्ति चाहने आत्माको चाहना अभिव्यक्त भएको विषयलाई दुवै आधारमा विश्लेषण गर्नसकिन्छ। कविताका पङ्क्ति र पङ्क्तिगुच्छमा शरीरबाट मुक्ति चाहने आत्माको विलाप, भोगबाट निवृत्ति लिई निर्वेद प्राप्तिका लागि छटपटिएको आत्माको पुकार तथा सामाजिक असमानता चुलिएको वर्तमानमा स्वतन्त्रताको शङ्खघोष व्यञ्जना तहमा मुखरित भई विवक्षितान्यपरवाच्यध्वनि प्रतिध्वनित भएको छ। राजनीतिक विषयका अतिरिक्त कविताका विभिन्न पङ्क्तिपुञ्जलाई अध्यात्म दर्शनमा अभिव्यक्त शरीर र आत्माबीचको द्वन्द्वात्मक भावको सन्तुलित प्रयोग र पारस्परिक अन्तर्सम्बन्धका आधारमा जीवनसंसारबाट मुक्ति र पारलौकिक संसारमा प्रवेशको चाहनासम्बद्ध अर्थसँग जोडेर हेर्नसक्ने अवस्था पनि रहेको छ। समाजमा रहेको विकरालस्थिति र स्वतन्त्रताप्राप्तिको सम्भावना कहीँ नदेखिने पर्यावरणमा सचेत र कल्पनाशील व्यक्तिको मानसिकतामा उत्पन्न हुने अन्तर्द्वन्द्वको सन्तुलित र संसक्त कला चेतले कवितालाई व्यङ्ग्यधर्मी तुल्याएको छ। यस कवितामा प्रतिध्वनित भएको विवक्षितान्यपरवाच्यध्वनि अर्थात् वाच्यार्थबाट बोध हुने नसकी वाच्यार्थभन्दा पर व्यङ्ग्यार्थको तहमा पुगेको ध्वनिको उपस्थिति कविताका प्रत्येक पङ्क्ति र पङ्क्तिगुच्छका माध्यमबाट सिङ्गो कविता संरचनामा प्रसारित रहेको विषय निम्नलिखित पङ्क्तिले सङ्केत गर्दछन्।

बालक बबुरो द्विज सुकनामा
हूँ म परेको छू पिँजरामा
मकन हरे शिव शान्ति र चैन
सपना बीच पनि रतिभर छैन। (श्लोक १)

कविताको पहिलो पङक्तिगुच्छका रूपमा आएको यस उद्धरणले पिँजरामा कैद बालसुगाको पीडायुक्त आत्मकथनमा अवशिष्ट बन्धक जीवन कष्टकर रहेको र मानसिक रूपमा कुनै अमन-चैन नरहेको वाच्यार्थ बाधित भई गहन अलग प्रतीयमान अर्थ प्रतिध्वनित भएको छ। बन्धनयुक्त सामाजिक परिवेशमा छट्पटिएको स्वतन्त्र मान्छेको पीडाका साथै पारलौकिक आनन्दमा आत्माले जीव संरचना (शरीर)मा प्रवेश गरेपछि शरीरलाई पिँजरा मानी उक्त पिँजरामा थुनिएको आत्माले अनुभव गरेका पीडा र विलाप र दैहिक भोगमा केही पनि आनन्द नरहेको तथा पिँजरामा बन्द रहेको आत्माले कुनै पनि सुखभोग गर्न नसक्ने दोहोरो व्यङ्ग्यार्थ प्रस्तुत गरेको छ। शरीरले भोगलाई महत्त्व दिने आशय बुझेको आत्माले शरीर र जीवनको नश्वरताबोध गरेपछि शरीरबाट मुक्तिका लागि प्रार्थनारत आध्यात्मिक चेतनाको प्रस्तुति यस उद्धरणमा भएको छ। जीवले अपेक्षा गर्ने मूल्यहीन भोगको परिवेशभित्र आत्माको छटपटीसँगै विषयसुखको सम्प्रभूताले मर्माहत तुल्याएको रोदन र शरीरमा रहँदा अनुभव रहेको पीडाबोधको अभिव्यञ्जना विवक्षितान्यपरवाच्यध्वनिका रूपमा मुखरित भएको छ।

भावात्मक गहिराई रहेको यस कवितामा जीवनको बाल्यकाल र प्रौढावस्थाको पूर्वार्द्धमा मान्छेले अनुभव गर्ने द्वन्द्वात्मकताको समन्वय र सन्तुलनको अभिव्यक्तिका क्रममा वाच्यार्थ बोधबाट व्यङ्ग्यार्थ .बोधतर्फ अग्रसर बनेको पङ्क्तिगुच्छका रूपमा यस उद्धरणलाई लिन सकिन्छ।

हरिया वनका शीतल छाया
बान्धवसितका मोह र माया
डुलनू फिरनू फलफूलखाई
सपनामय भो हाय मलाई। (श्लोक ७)

यस उद्धरणमा जीवनको पूर्वाद्धमा अनुभव गरेका स्वतन्त्र विषयसुखका सामु यान्त्रिक र जडवत् वर्तमान जीवन कष्टप्रद रहेको सामाजिक अर्थका अन्तर्साक्ष्यमा जीवमा प्रवेश गर्नुपूर्वको पारलौकिक

आनन्दको अभिव्यञ्जना भएको छ। जीवनलाई विषयसुखतिर अभिमुख गराउने कारक भन्नु नै जीवहरूको समूहका रूपमा रहेका परिवार र समाज हुन् जबसम्म यस समाजसँग सम्बन्धित रहेर जीव अथवा मान्छे रहन्छ तबसम्म मान्छे कहिल्यै चैनका साथ रहन नसक्ने तथा त्यसका लागि परमतत्त्वसँग मेल हुनु अर्थात् जीवयोनीबाट मुक्ति लिई परमतत्त्वमा विलीन हुनु नै मोक्ष अर्थात् मानवमुक्तिको निर्विकल्प माध्यम रहेको अर्थ अभिव्यञ्जित भएको छ। पूर्वीय अध्यात्म दर्शनमा अभिव्यक्त ज्ञानले आत्माको अमरतालाई स्वीकार गरेको र उक्त ज्ञानको प्रसारण भएको नेपाली समाजको सांस्कृतिक विश्वासका रूपमा स्थापित मान्यता अङ्गीकार गरेको मानसिकताले बन्धनका रूपमा स्थापित शरीरको औचित्यहीन मूल्यभन्दा परमतत्त्वसँगको अन्वय नै वास्तविक र आनन्दायी रहेको अप्रस्तुत अर्थ संवहन गर्ने यस उद्धरणमा विवक्षितान्यपरवाच्यध्वनिको अभिव्यञ्जना भएको छ।

प्रस्तुत कविताका श्लोकमा श्लेषका माध्यमबाट विशिष्ट ध्वन्यात्मकता अभिव्यञ्जित रहेका छन्। समाजमा रहेको मानवलाई बन्धक बनाउने राजनीतिक परिदृश्य र सामाजिक रूपमा एक्लिएको मान्छेका मानसिकतामा रहेको एकाङ्कीपनले सिर्जना गरेको कैदीजस्तो जीवनवृत्तको व्यञ्जनात्मक प्रस्तुतिका साथै मान्छे सुख भोग गर्ने नाममा इन्द्रिय सुखलाई दिएको प्राथमिकताका कारण दुःखी बन्दै गएको दोहोरो ध्वत्यात्मक स्थिति प्रस्तुत भएको पङ्क्तिगुच्छ पनि यस कविताको भावसौन्दर्यलाई स्तरीय तुल्याउने सन्दर्भमा सृजित रहेको छ। नश्वर आत्माले उपभोग गर्ने परमानन्दको आभाषसमेत नपाएको मान्छे परत्र सुखबाट विमुख भई आज भोगमा निर्लिप्त रहेको छ। अध्यात्मको ज्ञान नपाई अज्ञानी भइसकेको आजको मान्छे परमतत्त्वको सानिध्यबाट विमुख भई नश्वर शरीरले अनुभव गर्ने क्षणिक आनन्दलाई चैन मानिरहेको द्वन्द्वात्मक अवस्थासँगै मान्छे के हो ? र उसको सुखको मार्ग के हो ? भन्ने विषयको अप्रस्तुत भाव निम्न पङ्क्तिगुच्छमा प्रस्तुत भएको छ।

यो सब गगनैभरमा खास
जसका हुन्थे भोग-विलास
उसको अब हा !! जीवन-पात्र
केवल सानो पिँजरा मात्र। (श्लोक १०)

यस उद्धरणमा प्रथमतः मानव समाजको विकसित पर्यावरणमा राजनीतिक वातावरणले सिर्जना गरेको सङ्कुचित तथा मान्छेलाई बन्धक बनाइ आफ्ना जनविरोधी कार्यलाई आवरण दिने शासकको वृत्तिका कारण शून्य बनेको सामाजिक स्थितिको व्यञ्जनापरक प्रस्तुति भएको छ। एउटा बन्धनमा परेको सुगाका माध्यमबाट सम्प्रेषण भएको सन्देशका रूपमा आएको अप्रस्तुत अर्थले नेपाली समाजको अँध्यारो वास्तविकतालाई चित्रण गर्नुका साथै तत्कालीन शासकको आमनागरिकप्रतिको गैरजिम्मेवारीपूर्ण मनोवृत्ति र व्यवहारका कारण नेपाली समाज अन्धकारमा रहेको भावार्थलाई सूत्रात्मक रूपमा संश्लेषण गरेको छ। आमजनताको अवस्था कस्तो छ ? भन्ने आधारभूत विषयलाई अनुभूति गर्न नसकेका शासक तेरो र मेरो तथा तँभन्दा म ठूलोको सङ्कीर्ण भावमा अलमलिएर आफ्नो गौरवशाली परम्परा र इतिहासलाई अन्त्य गर्ने दिशामा अग्रसर बनेकोप्रति कविको आक्रोश र घृणा यस उद्धरणमा अभिव्यञ्जित भएको छ। राजनीतिक रूपमा जहाँनिया राणाहरू परस्परमा लड्ने र आफ्नै वंश र भाइभाइबीच वैमनस्यता लिई भारदारी युद्धमा लिन भएको इतिहासको अभ्यन्तरलाई प्रकाशित गर्ने यस पङ्क्तिगुच्छमा विश्वका महाशक्तिलाई युद्धमा पराजित गरेको नेपालीको शौर्यको इतिहास वर्तमानमा वंशहत्याको राजनीतिमा सीमित बनेको यथार्थप्रतिको कटाक्ष अप्रस्तुत अर्थमा प्रस्तुतिका क्रममा यस श्लोकमा विवक्षितान्यपरवाच्य ध्वनि मुखरित भएको छ भने अध्यात्मवादी चेतनाको प्रस्तुतीकरणका दृष्टिले पनि कविताको भाव व्यङ्ग्यार्थमा अभिव्यञ्जित भएको छ।

द्वितीयतः यस श्लोकमा मान्छे विवेकका कारण भूतलमा सर्वश्रेष्ठ प्राणीको स्थानमा रहे पनि मान्छेले ज्ञानको गहिराई बुझ्न नसकी नश्वरताको पुजारी बनेको व्यङ्यार्थ चेतसँग सम्बन्धित छ। भोगको लिप्सामा रहेकाले मान्छेले परमार्थको बाटोबाट प्राप्त गर्ने अनन्य वैभवको सम्भावनालाई आफूबाट पृथक् तुल्याएको छ। परमार्थका स्थानमा स्वार्थलाई मार्गनिर्देशक ठानी मान्छेले गरेको कार्यका कारण मान्छे आज आफूमा

मात्र सीमित हुने अवस्थामा पुगेको छ। परमार्थबाट पृथक् हुनु मान्छेको सबैभन्दा ठूलो विवेकहीनता हो जसले मान्छेलाई परमतत्त्वसँग अलग्याएको छ। शरीरको आवश्यक सुख पाउने प्रयोजनमा मान्छे ब्रह्माण्डको स्वामी बन्ने स्थितिबाट विमुख भई एउटा नश्वर शरीरलाई अतिशय महत्त्व दिइरहेको छ। यसका अतिरिक्त नश्वरतालाई आफ्नो जन्मसँगै लिएर आएको मानुष जातिको मानसिक धरातलमा रहेको परमार्थ विरोधी कार्यले एकातिर आत्माको अमरतालाई मिथ्या ठानी जीवतत्त्व अर्थात् शरीर र शरीरपक्षसँग जोडिएका विषयसुख र मोहलाई महत्त्व दिँदा ब्रह्माण्डको मालिक हुने र त्यसको सुखभोग गर्ने अवसर गुमाइरहेको भौतिकता र आध्यात्मिकता बीचको चरम अन्तर्द्वन्द्वात्मक विषय, भाव र दृष्टिकोण प्रस्तुत गर्ने सन्दर्भमा विवक्षितान्यपरवाच्यध्वनि अभिव्यञ्जित भएको छ। अध्यात्मको सत्सङ्गमा नरहेको वर्तमान मानव जातिको विकसित भनिने ज्ञानको अपूर्णताका कारण नै मान्छे दुःखी बन्दै गएको तथा दुःखबाट छुटकारा पाउने अभिलाषामा आफूलाई मान्छेबाट यन्त्रमा रूपान्तर गरेको छ। आत्मनियन्त्रण र अनुशासनका नाममा भ्रममा रहेको आजको मान्छे जीवनमा स्वतन्त्रताका मूल्यलाई बिर्सेर परावलम्बी बनेको छ। मान्छेको भोगप्रतिको लालसाबृद्धिले अज्ञानको दलदलमा फसेको तर उसलाई यसका बारेमा कुनै संज्ञान छैन।

व्यक्तिगत लोभ र मोहको बन्धनमा बाँधिई मानवताविहीन बनेको आजको मान्छे आफ्नै स्वार्थ र अभीष्टलाई केन्द्रमा राखी यन्त्रवत् सञ्चालित रहेको छ। मान्छेको अन्तःचेतनामा परमार्थ र मुक्तिको चाहना समाप्त भइसकेका छन्। मान्छे कसरी आफ्नो स्वार्थपूर्ति हुन्छ ? तथा अर्कालाई पछि पारेर आफू सर्वश्रेष्ठ बन्न सकिन्छ ? भन्ने होडमा लागेको छ। मानवसेवाबाट आफूलाई अलग तुल्याइसकेको मानव जातिको वर्तमानलाई नियाली रहेको आत्माको कथनका माध्यमबाट समाजको सोच र मान्छेको भूमिकामाथि प्रश्नचिह्न कविताको तलको पङ्क्तिगुच्छले औंल्याएको छ।

यो कस्तो हो ? कसरी आयो ?
बसिकन पिँजराबिच के खायो ?
यो सब बुझ्ने कोही छैन
हाय ! यसैले मन रहँदैन। (श्लोक, १८)

यस उद्धरणले आजको मान्छेको यान्त्रिक अभिवृत्ति र त्यसले निर्माण गरेको विषम परिस्थितिमा माध्यमबाट समाजप्रति मान्छेको वैचारिक स्थितिलाई छर्लङ्ग पारेको छ। मेरोमेरोको अन्धकारमा अल्मलिएको तथा व्यक्तिगत स्वार्थलाई उपल्लो चेतनास्तरमा राखेको सन्दर्भसँगै समाजलाई विखण्डन गरी मान्छेका बीच असमानताको रिक्तता सिर्जना भएको वर्तमानबोध यस उद्धरणमा भावका रूपमा अभिव्यञ्जित भएको छ। आजको मान्छे मानव समाजबाटै अलगिएको त छ नै समाजबाटै तिरस्कृत र मानव समाजमा एकताको स्थिति दुर्बल र कारुणिक अवस्थामा पुगेको छ। स्वार्थ र व्यक्तिगत लिप्साका कारण क्षतविक्षत् बनेको समाजमा एकले अर्कालाई चिन्न नसक्ने पर्यावरण निर्माण भई मान्छेमान्छेकै लागि अछूत सिद्ध भएको आजको मानवीय स्थितिले समाजको मुक्ति अकल्पनीय त छँदैछ व्यक्तिगत मुक्तिको सम्भावनासमेत असम्भव र जटिल बनेको छ। समाजमा रहेको दैन्यस्थितिलाई बोध गर्ने दूरदृष्टि गुमाएको समाजले परमार्थ र मानवताका बारेमा संज्ञान प्राप्त गर्न नसकेको वास्तविकतालाई शरीरतत्त्वलाई सजीवता दिने आत्माको अन्तर्रोदनका माध्यमबाट प्रस्तुत गरिएको यस अन्तर्द्वन्द्वात्मक पङ्क्तिगुच्छमा व्यञ्जनामूलक ध्वनि अभिव्यञ्जित भएको छ।

पूर्वीय दर्शनले आत्मतत्त्वको अमरता र शरीरतत्त्वको नश्वरतालाई विवेचना गरी अनेक भाष्यको निर्माण गरेको छ। पूर्वीय दर्शनबाट प्रभावित रहेका कविको अध्यात्मिक चेतनाको प्रबल र संयमपूर्ण प्रस्तुतिका माध्यमबाट मान्छेले आफ्नो विरुद्धमा आफैंले निर्माण गरेको सामाजिक विधानले मान्छे हुनुको महत्त्व र गरिमालाई समाप्त पारेको सन्देश र सिङ्गो काव्यिक संरचनाको सार कविताको अन्तिम पङ्क्तिगुच्छमा प्रस्तुत भएको छ।

पृथिवी तलमा यौटासम्म
मानिस बाँकी रहँदासम्म

नाथ ! सुगाको जन्म नहोस

बल्ल मलाई आयो होस । (श्लोक २३)

यस उद्धरणमा जीव र आत्मतत्त्वको सम्बन्धलाई नजिकबाट नियालेको आत्माले जीवनबाट मुक्तिको चाहना र आत्माको स्वच्छन्द विचरण विषयक पूर्वीय दर्शनको सारतत्त्वलाई स्वीकार गरी पुनः जीवयोनीमा नफर्कने इच्छा प्रस्तुत गरेको छ। पिँजरामा कैद गरिएको सुगाको आत्मकथनका माध्यमबाट सचेत र शिक्षित मान्छेको अन्तःकरणमा रहेको चेतनाको पुञ्जलाई आत्माको इच्छाका माध्यमबाट प्रस्तुत गरिएको यस उद्धरणमा विभेद र मानवताहीन समाज जीवन निर्वाहका लागि कष्टकर बन्दै गएको तत्कालीन परिस्थितिको चित्रणमा केन्द्रित छ। एकातिर आत्मा र जीवबीचको अन्तर्द्वन्द्व तथा अर्कातिर समाजमा अवशिष्ट विषम र अमानवीय पर्यावरणको दोहोरो मारमा रहेको मान्छेको द्वन्द्वात्मक स्थितिजस्ता श्लेषात्मक अर्थका माध्यमबाट विभेद र बन्धनकारी समाजमा बाँच्न नसकिने विद्रोहात्मक स्वरसँगै अस्तित्वहीन भएर बाँच्नुको औचित्य नरहेकाले विषम समाजसँगै देहबाट आत्माको मुक्तिका लागि परमतत्त्वसमक्ष अभ्यर्चना गरिएको यस पङ्क्तिगुच्छमा विवक्षितान्यपरवाच्यध्वनि अभिव्यञ्जित भएको छ भने यस कवितामा वस्तु, अलङ्कार र रसध्वनि पनि अध्ययनीय पक्ष छँदै छ।

## कवितामा वस्तु, अलङ्कार र रसध्वनि

संस्कृत काव्यचिन्तनमा साहित्यका अन्य तत्त्वसँगको सम्बन्धका आधारमा वस्तु, अलङ्कार र रसध्वनिको सैद्धान्तिक आधारको यथोचित् विमर्श भएको छ। शब्द र अर्थको संयोजनले विषय वा वस्तुका बारेमा ध्वनित अर्थात् प्रतिपाद्य ध्वनि वस्तुध्वनि हो (आनन्दवर्धन, १९८३, पृ. २०९)। वस्तुध्वनिमा साहित्यकारले सृजनाका क्रममा प्रयोग गरेको शब्द र ती शब्दमा विद्यमान अर्थका आधारमा वस्तु वा विषयलाई कसरी प्रस्तुत गरेको छ भन्ने अर्थसँगको तात्त्विक सम्बन्धलाई हेरिन्छ। कृतिमा अभिव्यञ्जित वस्तुध्वनिको सम्बन्ध शब्दशक्तिको वाच्यार्थ धर्मसँग निकट रहन्छ भने यसले शब्द र अर्थबीचको पारस्परिक सम्बन्धका आधारमा सृजनामा विद्यमान साङ्केतिक अर्थको खोजी गर्दछ। प्रस्तुत "पिँजराको सुगा" वस्तु, अलङ्कार र रसध्वनिको सशक्त उपस्थिति भएको कविता हो। कवितामा वस्तुतत्त्वका रूपमा समाजमा रहेको चरम मानवता विरोधी कार्य र त्यसले मानसिकतामा सिर्जना गरेको भयका साथै समाजमा बन्धक बनेर बाँच्नु पर्दा सचेत मान्छेको मानसिक अन्तर्तहमा विकसित बनेको निस्सारता प्रस्तुत भएको छ। कविताले पहिलोदेखि अन्तिम पङ्क्तिगुच्छसम्म विस्तारित संरचनात्मक आयामभित्र विशिष्ट भावका रूपमा मान्छे मानव समाजभित्रै बन्धक बनेको र खुला सामाजिक पर्यावरणमा चेतनाहीन बनेर बाँच्न विवश मान्छेको वास्तविकतालाई प्रस्तुत गरेको छ। यस कविताले राणाकालीन समाजको बन्द पर्यावरणमा बाँचेको चेतनशील मान्छेका मानसिकतामा प्रतिबन्धात्मक वातावरणले सिर्जना गरेको उकुसमुकुसको स्थितिबाट आत्मिक पीडाबोधसहित तत्कालीन नेपाली समाजको बाह्यान्तरिक संरचनामा विद्यमान बन्धनकारी स्थितिलाई वस्तुपरक रूपमा संश्लेषण गरेको छ। चेतनशून्य भएर बाँच्नु र बस्नुपर्ने तत्कालीन समाजको सहरी पर्यावरण झन् बन्धनकारी र पीडाप्रद रहेको अनुभूति सञ्चारित यस कवितामा स्वार्थका कारण मान्छेमान्छेबीच निर्माण भएको विभेदको पर्खाल र मानवताविहीन बनेको सामाजिक संरचनाको अभ्यन्तरित पक्षको सूक्ष्म विहगावलोकन भएको छ। समाज र यसको गतिविधि विषयमा गहन पर्यवेक्षण गरी मान्छे मान्छेबाट पार्थक्य खोजी रहेको वास्तविकतालाई शब्दका माध्यमबाट प्रस्तुत गर्ने यस कवितामा राणाकालीन नेपाली समाजको अभ्यन्तरित चित्र वस्तुध्वनिका रूपमा प्रतिध्वनित भएको छ भने अलङ्कार ध्वनि पनि यसको प्रतिपाद्य विषय हो।

शब्द र आर्थी अभिलक्षणले विषयवस्तु र रसभावको अवस्थाभन्दा पृथक् अलङ्कारका सादृश्यमा विषयको बोध गराउने सन्दर्भमा प्रतिफलित हुने ध्वनिलाई अलङ्कार ध्वनि भनिन्छ। कृतिमा अभिव्यञ्जित वस्तु र विषयका बीचको आर्थीसम्बन्धका आधारमा ध्वनित हुने शब्दार्थसम्बन्ध अलङ्कार ध्वनिको अभिलक्षण हो (ऐजन, पृ.२१६)। कृतिमा वस्तु र विषयको बोध अर्थात् त्यसको सम्बन्धका आधारमा आर्थी चमत्कार

निर्माण भई अर्थका आधारमा ध्वनित हुने भएकाले यो अलङ्कारकै अन्तर्यमा प्रतिपाद्य हुने विषय हो। प्रस्तुत कवितामा अलङ्कार ध्वनिको प्रतिबिम्बन सृजनात्मक चातुर्य र कविप्रतिभाका कारण कथ्यप्रस्तुतिको माध्यम बनेर आएको कथयिता पिँजरामा परेको बालक सुगामा सम्बोधकको व्यक्तित्व र कविकथनको आभाष नपाइनुको कारण समाख्याताको चयनका रूपमा आएको सुगा अर्थात् विशेषणको चातुर्यपूर्ण र कलात्मक प्रस्तुतिले सृजना गरेका आवरणका कारण सम्भव भएको छ। कवितामा कथनीय विषय र भावसम्प्रेषणका लागि चयन गरेको उपमेय (बालक सुगा) को भूमिकालाई कथ्यविषयको सहभागी चयन गरी सिङ्गो संरचनाको निर्माण हुने स्थिति समासोक्ति अलङ्कारको प्रतिपाद्य विषय हो। प्रस्तुत कविताका अधिकतर पङ्क्तिगुच्छको संरचनामा वर्णन गर्न खोजिएको मुख्य विषयको वर्णन् अर्थात् पिँजराको सुगाको अन्तर्वेदनाका माध्यमबाट अप्रस्तुत विषयको अर्थात् समाख्याताको अन्तर्वेदना प्रस्तुति नै हो। कविताको पहिलो पङ्क्तिगुच्छमै एउटा बालसुगा पिँजरामा थुनिएको र उसका आवाज पीडा/मर्मका माध्यम अर्थात् विशेषण बनेर आई सिङ्गो कविताभरि उक्त विशेषणकै अर्थात् बालक सुगाकै प्रतिबिम्बले कविताको विषय र सन्देशको प्रतिनिधित्व गरेको छ। कवितामा प्रस्तुत गर्न खोजेको लक्षियत अर्थ पिँजराको सुगाको अन्तर्वेदना नभई स्वयम् सिङ्गो नेपाली समाजले अनुभव गरेको आत्मपीडा हो तथापि कवितामा मान्छेको भूमिकालाई विशेषणमा समावेश गरी भावसम्प्रेषण गर्ने कलात्मक सामर्थ्य प्रस्तुत भएको छ। कविताको सिङ्गो संरचनाका लागि चयन गरिएको विषय र भावसमेतमा कर्ताको उपस्थिति नगराउनुमा प्रस्तुतकर्ताको आलङ्कारिक विन्यास र चयनप्रतिको संज्ञानले अहम् भूमिका खेलेको छ भने यसप्रकारको सम्प्रेषण कलाको अभिव्यञ्जनाले कवितालाई ध्वनिप्रधान तुल्याएको छ। कविताको कलासौन्दर्यलाई ध्वन्यात्मक तुल्याउनका लागि समासोक्ति अलङ्कारसिद्धि रहेको यस कवितामा अलङ्कारध्वनिको सफल अवतरण गराउनका लागि उपमा, रूपक, उत्प्रेक्षा र दृष्टान्त तथा शब्दालङ्कारमा श्लेषालङ्कार र अनुप्रास सहयोगी सिद्ध भएका छन्। नेपाली समाजको प्रतिनिधिको भूमिकामा बालसुगा र उसको भूमिकाका माध्यमबाट प्रस्तुत गरिएको सामाजिक संरचना, स्थिति, परिस्थिति र वास्तविकता अनकन्टार र दासयुगका रूपमा रहेको आलङ्कारिक अभिव्यञ्जनाका लागि समासोक्ति अलङ्कारको सफल र सन्तुलित विन्यासका कारण कविता लक्ष्यार्थप्रधान भई अलङ्कारध्वनि प्रतिपाद्य भएको छ।

संस्कृत काव्यचिन्तनमा रसको सर्वोपरिता तथा साहित्यको प्रमुख तत्त्वका रूपमा अङ्गीकार गरेको तथ्य अन्य सिद्धान्तमा कुनै न कुनै रूपमा रसलाई जोडेको सन्दर्भले पुष्टि गर्दछ। वस्तु, विषय, वस्तुविषय प्रस्तुतिको आधारलाई शब्द, अर्थ वा शब्दार्थ अर्थात् व्यङ्ग्यका रूपमा अङ्गीकार गर्नु रसध्वनि हो (विश्वनाथ, १९९३, पृ. १९३)। ध्वनिवादीहरू रसका आधारमा ध्वनिको महत्त्व थप शक्तिशाली हुने ठानी रससादृश्य अभिव्यञ्जित हुने ध्वनिलाई श्रेष्ठ ध्वनि तथा श्रेष्ठध्वनि उपस्थित भएको काव्य/साहित्यलाई उच्चकोटिको काव्य हुने अवधारणा प्रस्तुत गर्दछन्। कृति पठनका क्रममा कुनै क्रमबिना तत्काल रसबोध हुने अवस्था रसध्वनि हो (उपाध्याय, २०६७, पृ. २०१)। रसध्वनि प्रबल रहेका काव्यमा रसका माध्यमबाट ध्वनि प्रतिपाद्य हुने गर्दछ भने रससिद्धिका आधारमा ध्वनिको स्थान र स्तर निर्धारण हुने अवस्था रहन्छ। प्रस्तुत "पिँजराको सुगा" कवितामा करुणरस परिपाक अवस्थामा रही रसध्वनि प्रतिपाद्य छ। पिँजरामा कैद रहेको सुगाको अन्तर्वेदना वा कारुणिक पुकारको अवस्था चित्रण भएको कवितामा बाह्य रूपमा देखिने निर्वेदको भाव भएको आभासका आधारमा शान्तरस मुखरित भएझैं लागे पनि यस रस परिपाकावस्था भन्नु आफन्तजनसँगको पार्थक्य वा वियोग नै हो। कविताको पहिलो पङक्तिगुच्छमा पिँजरामा कैद भएको सुगाको कारुणिक पुकार वाच्यार्थ र त्यसको प्रतीयमान/अप्रस्तुत अर्थ व्याङ्ग्यार्थको तहमा सामाजिक रूपमा बन्धक बनेको मानव समाजको अन्तर्यमा रहेको पीडा र सुगाका माध्यमबाट आएका कथन मानव समाजको पीडा अभिव्यञ्जित भएको अर्थका आधारमा करुणरस रसपरिपाकवस्थामा पुगेको छ। पहिलो पङ्क्तिगुच्छबाट आरम्भ भएको व्यङ्ग्यार्थस्थिति कविताको प्रत्येक श्लोकमा संसक्त बन्दै अन्तिम पङ्क्तिगुच्छमा

मानवतारहित समाजमा पुनर्जन्मको औचित्य नरहेको वास्तविकता नै सन्देशका रूपमा सञ्चरित शक्तिशाली भावका रूपमा अभिव्यञ्जित हुनुले कविताको केन्द्रीय रसप्राप्ति करुणरससँग जोडिएको पुष्टि हुन्छ। यस कवितामा सुगालाई विशेषण (उपमेय)का रूपमा प्रस्तुत गरी तत्कालीन समयको यथार्थ बिम्ब प्रस्तुत गर्ने क्रममा आफन्तबाट अलगिएर कैदमा परेको प्राणीका अन्तर्हृदयको रोदनले वाच्यार्थदेखि व्यङ्ग्यार्थसम्म करुणरसप्रधान विवृत्त भावका रूपमा अभिव्यक्त हुनुले करुणरस नै रसध्वनिका रूपमा प्रतिफलित भएको निष्कर्ष निकाल्न सकिन्छ।

**निष्कर्ष**

प्रस्तुत कविता संस्कृत काव्यचिन्तनको एक सिद्धान्तका रूपमा साहित्यिक पाठको विश्लेषण, मूल्याङ्कन तथा मूल्यनिर्णय गर्ने ध्वनिवाद र यसका प्रतिमानका आधारमा अध्ययनीय छ। कविता रचनाको अवधिमा नेपाली समाजका साथै अन्तर्राष्ट्रिय परिवेशलाई अन्तर्यमा राखी मानव बन्धन र मुक्तिको भावना अभिव्यञ्जित रहेको यस कविताको बारेमा भएका पूर्ववर्ती टिप्पणीपरक, भावपरक तथा मूल्यनिर्णयात्मक अध्ययनले वाच्यार्थमा बालक सुगाको पिँजरायात्रामा अनुभूति गरिएका पीडाका माध्यमबाट बाल्यकालको प्राकृत जीवनका सहजताका सामु युवा र प्रौढजीवनको कठीन व्यवहारिक गार्ह्यस्थ जीवनको बन्धनयुक्त स्थितिको प्रस्तुति, लक्ष्यार्थमा मान्छेलाई अज्ञानताको बन्धक बनाइ स्वार्थसिद्ध गर्ने तत्कालीन शासकीय अभिवृत्ति र सामाजिक संरचना तथा व्यञ्जनाका रूपमा जीवनरूपी पिँजरामा कैद भएको आत्मारूपी सुगाको अन्तर्वेदना एवम् शरीरबाट मुक्ति लिई परात्ममा विलीन हुने चाहनाको अभिव्यञ्जनाले तीनप्रकारको शक्तिशाली अर्थ भएको निष्कर्ष दिएको छ। यस पूर्वकार्यका आधारमा कविता वाच्यार्थ, लक्ष्यार्थ र व्यङ्ग्यार्थ तिनै पक्ष शक्तिशाली रहेको साङ्केतिक, सूत्रात्मक एवम् मूल्यनिर्णायक निष्कर्ष प्रस्तुत गरे पनि काव्यचिन्तनको ध्वनिपक्षीय प्रतिमानका आधारमा अध्ययन गर्ने रिक्तता रहेकाले प्रस्तुत अध्ययन ध्वनिपरक अध्ययनमा केन्द्रित रहेको छ। पूर्वीय काव्यचिन्तनमा आनन्दवर्धनले स्थापित गरेको यस सिद्धान्तले ध्वनिलाई केन्द्र अर्थात् आत्मा अभm भनौं केन्द्रीय तत्त्व मानी अन्य तत्त्व (रस, अलङ्कारादि)लाई यसका सहायक सामग्रीका रूपमा लिएको छ।

प्रस्तुत “पिँजराको सुगा” अविवक्षित वाच्यध्वनिको प्रभावकारी संयोजन भएको कविता हो। यस कविताले राणाकालीन व्यवस्थाभित्र एकात्मक रूपमा मान्छेको भौतिक र संज्ञानमाथि गरिएको नियन्त्रणले बन्धक बनेको नेपाली समाज, सिङ्गो मानव समाज दासवत् र चेतनाविहीन रहेको चेतनशील मान्छेको भौतिक र मानसिक अवस्था बन्धक रहेको परिस्थितिमा मानव मानसिकतामा सृजित विद्रोह र निराशाको अभिव्यञ्जनालाई प्रस्तुत गरेको छ। कवितामा संश्लेषण गरिएको भावक्षेत्र र विषयप्रस्तुतिका लागि चयन भएको माध्यम तत्कालीन शासकको कोपभाजनबाट बच्ने अन्तःप्रेरणाको प्रयासस्वरूप बालक सुगाको पिँजरायात्रा र उक्त यात्राका कठिनाइलाई मानवजीवनको यथार्थसँग सामञ्जस्य र सामान्यीकरण गरी मानवमुक्तिको चाहना अविवक्षित वाच्यध्वनिका रूपमा प्रतिध्वनित भएको छ। कवितामा वाच्यार्थ र लक्ष्यार्थबोधबाट काव्यिक भावको आस्वादन गर्नसक्ने स्थितिभन्दा पर व्यङ्ग्यार्थबोध अर्थात् प्रतीयमान अर्थका रूपमा अप्रस्तुत अर्थसम्म पुगी भावबोध गर्नसक्ने स्थिति पनि छ। यस कवितामा आत्माको अमरतालाई व्याख्या गरेको पूर्वीय दर्शनले मानवशरीरलाई आत्मा कैद गर्ने पिँजरा र शरीरबाट मुक्तिका लागि आध्यात्मिक ज्ञानको उपादेयतासँगै नश्वरताबाट मुक्तिका कामना गर्ने आध्यात्मिक चेत प्रस्तुत भएको छ। यस कवितामा नेपाली समाजमा अवशिष्ट पूर्वीय धर्म/दर्शनको ज्ञान, जीवनको नश्वरताबोध, शरीर र आत्मा तथा आत्मा र परमात्माबीचको सम्बन्धमा आत्मा परमात्माबीचकै सम्बन्ध मोक्षको कारक रहने दृष्टिकोण प्रस्तुत भएको छ। यस कवितामा विवक्षितान्यपरवाच्यध्वनि जीवको रूपमा रहेको शरीर सञ्चालनको निर्विकल्प माध्यमका रूपमा आत्मा रहे पनि यसले रोजेको सार्वभौमिक ज्ञानको बाटोबाट पृथक् भई लोभ र मोहको मार्गमा आबद्ध जीवका कार्यबाट आहत आत्मतत्त्वले शरीरबाट छुटकारा नै मोक्षको मार्ग स्वीकार गरेको व्यङ्ग्यार्थ शक्तिशाली रूपमा अभिव्यञ्जित भएको छ।

ध्वनिपरक मूल्याङ्कनका दृष्टिले प्रस्तुत कविताको समग्र संरचनामा वस्तु, अलङ्कार र रसले एकअर्काका पोषक तत्त्वको भूमिका निर्वाह गरेका छन् । सामाजिक संरचना र यसका विधानलाई कथ्य विषयका रूपमा प्रस्तुत गरिएको यस कवितामा समासोक्ति अलङ्कारको सन्तुलित प्रयोगले कवितालाई लक्ष्यार्थप्रधान तुल्याएको छ । वस्तुविधानका रूपमा आएको विषयको प्रभावकारी सम्प्रेषणका लागि अलङ्कारले आवरणको भूमिका निर्वाह गरेको छ भने अलङ्कारिक चमत्कारको परिपाकका लागि विषयको भूमिका शक्तिशाली मेरुदण्डका रूपमा अवस्थित छ । वस्तु र अलङ्कारको सहज विन्यासबाट प्रतिध्वनित भएको रसप्राप्ति करुण रसपरिपाकको अवस्थासम्म विस्तारित हुनु तथा करुण रसको विवृत्तिका माध्यमबाट मानव समाजको वास्तविकतालाई प्रस्तुत गर्ने शिल्पलाई मूर्तता दिनका लागि कवितामा आएको विषय र अलङ्कारले पोषकको भूमिका निर्वाह गरेका छन् । वस्तु, अलङ्कार र रसध्वनिको सन्तुलित प्रयोगले कविताको भावपक्षलाई सशक्त तुल्याएको प्रस्तुत कविता ध्वनिका दृष्टिले उच्चस्तरीय कविता रहेको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

## **सन्दर्भ सामग्रीसूची**


आनन्दवर्धन (सन् १९८३). *ध्वन्यलोक,* पु. ना. वीरकर र मा. वा. पटवर्धन (सम्पा.), महाराष्ट्र साहित्य मण्डल ।

उपाध्याय, केशवप्रसाद (२०६७). *पूर्वीय साहित्य-सिद्धान्त.* (दोस्रो संस्क.), साझा प्रकाशन ।

पौड्याल, लेखनाथ (२०७६). *लालित्य भाग -१.* (एघारौं संस्क.), साझा प्रकाशन ।

मिश्र, कृष्णचन्द्र (२०५५). 'ध्वनिकाव्य'. *सहित्यकोश.* ईश्वर बराल र कृष्णचन्द्रसिंह प्रधान (सम्पा.), नेपाल प्रज्ञाप्रतिष्ठान ।

वर्मा, धीरेन्द्र. र अन्य (सम्पा.). (सन् २०१०). *हिन्दी साहित्यकोश,* (तृतीय संस्क.), ज्ञानमण्डल लिमिटेड ।

सहाय, राजवंश हीरा (सन् २००३). *भारतीय आलोचनाशास्त्र,* (नवौ संस्क.), बिहार हिन्दी ग्रन्थ अकादमी ।